# जग्गा कब्जा गर्नेहरूको जग्गाधनीलाई धम्की

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

मोरङको कटहरी-७ स्थित तकियामा हुकुमबासीले सरकारी बाटो कब्जा गरेका छन् । कटहरीमा सरकारी बाटोको जग्गामा त्यहाँका केही स्थानीयले नियम कानून मिच्दै सरकारी बाटोको जग्गामा आफ्नो निजी घर गोठ बनाएका छन् ।

यो विषयमा पटक-पटक छलफल भएपनि स्थानीय जनप्रतिनिधिसमेत मौन रहेको स्थानीयको आरोप छ । केहीले भने स्थानीयको नम्बरी जग्गै कब्जा गरेर गुण्डागर्दी शैलीमा बसेको स्थानीयको गुनासो छ ।

आफ्ना गुनासो लिएर वडा कार्यालय पुगेका स्थानीयलाई वडाध्यक्ष प्रताप श्रेष्ठले कुनै सुनुवाइ नगरेको पीडित इन्दीरा फुयाल बताउँछिन् । 'वडाध्यक्षले हाम्रो कुरा एक कानले सुने र अर्को कानले उडाए,' उनले भनिन् । वडामा केही नहुने देखेर पीडितहरु गाँउपालिकासम्म पुगेका छन् ।

गाउँपालिकाकी उपाध्यक्ष मन्जिताकुमारी सरदारसमक्ष उनीहरुले उजुरी पनि गरे । तर, उनले पनि अहिलेसम्म कुनै ठोस कदम नचालेको स्थानीय घुरनलाल माझीको भनाइ छ ।

'उपाध्यक्ष मन्जिताकुमारी सरदारले उल्टै 'मेरो खुदको जग्गामा पनि मान्छे छन्, मैले आफ्नो जग्गाबाट पनि उनीहरुलाई उठाउन सकेको छैन, तपाईहरु को त झन् कहाँबाट उठ्छन्' भन्दै जवाफ दिइन्,' माझीले भने । उपाध्यक्षको यस्तो जवाफ आएपछि जनप्रतिनिधिप्रतिबाट विश्वास नरहेको भन्दै पीडितले बताएका छन् ।

सो ठाउँका इन्दीरा फुयाँल, यशोदा गौतम, चन्द्रकुमार लामिछाने, घुरनलाल माझी, राजन देवकोटालगायत पीडित बनेका छन् । अगाडिको सडकको जग्गा अतिक्रमण गरेर बसेकाहरुले आफ्नो पनि जग्गा अतिक्रमण गरिरहेको उनीहरु बताउँछन् ।

सडकको जमिन कब्जा गर्नेहरुले नम्बरी जग्गा कब्जा गरेर बसेको र त्यहाँबाट निक्लिनु भन्दा पनि पैसामा बार्गेनिङ गरिरहेको पीडित बताउँछन् । कटहरी गाउँपालिककाकी उपाध्यक्ष मन्जिताकुमारी सरदारले भने स्थानीयले उजुरी दिएको भएपनि कोभिडका कारण तत्काल समस्या समाधान गर्न नसकिएको बताइन् । अतिक्रमण भएको जमिनबारे अमिन लगाएर नापजाँच गरिएको बताउँदै उनले अब छलफल गरेर टुंगो लगाउने बताएकी छन् ।

*(प्रशिक्षार्थी पत्रकार)*

# पीडित बालिकालाई सहयोग

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*



साना हातहरू नेपाल विराटनगर मोरङले एक जना प्रभावित बालिकालाई अध्ययनको लागि आर्थिक सहयोग गरेको छ ।

साना हातहरू नामक संस्थाले सुनसरीकी एक बालिकालाई उच्च शिक्षा अध्ययन गर्नको लागि २५ हजार रुपैयाँ आर्थिक सहयोग गरेको हो ।

सहयोग रकम सोमबार हस्तान्तरण गरिएको छ । कक्षा ११ मा अध्ययरत उनलाई उच्च शिक्षा अध्ययनमा सहयोग पुऱ्याउने उद्देश्यले सहयोग प्रदान गरेको साना हातहरू विराटनगरका प्रमुख विवश श्रेष्ठले जानकारी दिए । सहयोग रकम इलाका प्रहरी कार्यालय रानी विराटनगरका प्रमुख प्रहरी निरीक्षक प्रकाश राउतले हस्तान्तरण गरे ।

प्रहरी निरीक्षक राउतले पनि आचार्यलाई उच्च शिक्षा अध्ययनको लागि नगद ५ हजार रुपैयाँ सहयोग गरेका थिए । छात्रा आचार्य प्रभावित बालिका हुन् ।

साना हातहरू नामक संस्थाले बालवालिका बेचबिखन विरूद्धको अभियानमा विगत १२ वर्षदेखि काम गर्दै आएको छ ।

## सर्ट कमेन्ट

# को काङ्ग्रेस को मण्डले !?



■ अनन्तराज न्यौपाने

समस्त काङ्ग्रेस यतिबेला चुनावमा व्यस्त छ । मोरङमा भर्खरै वडाको चुनाव सकिएको छ । विराटनगरमा यस पटकको काङ्ग्रेसको निर्वाचन धेरै अर्थमा रमाइलो रह्यो । वडा नम्बर ३ र ८ जस्ता काङ्ग्रेसका गढ मानिने वडाको चुनाव हेर्न लायक थियो । शान्तिपूर्ण चुनाव भएर मोरङभरिका सबै वार्डबाट प्रतिनिधि चुनिएर आएका छन् । सबै वडामा कार्यसमितिको निर्वाचन पनि सम्पन्न भएको छ ।

यसपटक पनि काङ्ग्रेसको निर्वाचनमा राज्यकोषबाट तलब खाने कर्मचारी, शिक्षक र प्राध्यापकहरू चुनिएर आएका छन् । निष्पक्ष र व्यावसायिक क्षेत्र भनिने पत्रकारहरूको उपस्थिति पनि उल्लेखनीय छ । यस देशमा लोकतन्त्र र लोकतन्त्रका मूल्य, मान्यता अनि मर्मका लागि मात्र ७ दशकसम्म अविराम सङ्घर्ष गरेको एक मात्र पार्टी नेपाली काङ्ग्रेस नै हो । त्यसैले यस पार्टीले आफ्ना निर्वाचित निकायमा कस्ता पृष्ठभूमिका व्यक्तित्वको उपस्थिति गराउनुपर्छ भन्ने कुराको उदाहरण हुन सक्नुपर्छ ।

देशका अरू राजनीतिक दलले नेपाली काङ्ग्रेसका क्रियाकलाप हेरेर निष्कलङ्क ढाँचाको लोकतान्त्रिक अभ्यास गर्न सिक्नुपर्छ । तर, काङ्ग्रेस स्वयम् नै विकृतिको थुप्रो भइदियो भने विडम्बना हुन्छ । दुःखको कुरा, भएको यही छ । अहिलेको काङ्ग्रेस लोकतन्त्र र लोकतान्त्रिक आदर्श अनि अभ्यासको गुरु बन्नुपर्ने थियो । तर, विकृति, विसङ्गति र विहारी संस्कृतिको केन्द्र हुन पुगेको छ । यसले मुलुकलाई निश्चय पनि सकारात्मक भुक्तानी गर्न सक्तैन ।

काङ्ग्रेसमा कस्तो प्रचलन छ भने पार्टीको नेताले आफू माथि पुग्न आफ्ना आसेपासे, नातेदार, कामदार र साथीभाईलाई क्रियाशील बाँड्छ । चाहे ती काङ्ग्रेसका बारेमा अन्जान, अनभिज्ञ र निरपेक्ष नै किन नहुन् ? अनि तिनै अन्जान सदस्यले भोट दिएर जितेको कुनै पनि व्यक्ति वडाको नेता कहलिन्छ । उसले पनि जिताएको व्यक्ति पालिका र क्षेत्रको नेता कहिलन्छ । पालिका र क्षेत्रका नेताले भोट दिएर विजयी गराएको मनुवा राष्ट्रिय र प्रादेशिक कमिटीमा पुग्छ । यसरी अत्यन्त गलत परम्परा, संस्कार, परिपाटी र संस्कृति काङ्ग्रेसको क्रियाशील वितरण र निर्वाचन प्रणालीमा देखिन्छ ।

मानौँ कुनै वडामा ५ सय क्रियाशील सदस्य छन् । ती ५ सयमध्ये कति जनाले काङ्ग्रेसको चारतारे झन्डाको अर्थ बुझेका होलान् ? कति जनाले चार वटा ताराको अर्थ जानेका होलान् ? नेपाली काङ्ग्रेसले २०४२ र २०१४ सालमा के गरेको थियो भनेर कतिलाई थाहा होला ?

मूल कुरा के हो भने नेपाली काङ्ग्रेसले आफ्ना सदस्य, शुभेच्छुक, भ्रातृ र भगिनी संस्था अनि कार्यकर्तालाई कहिल्यै पनि पार्टीको इतिहास, क्रियाकलाप, गन्तव्य, मूल्य, मान्यता र सिद्धान्तका बारेमा सिकाएन । न आफूलाई काङ्ग्रेसी भन्नेहरूले नै यसका बारेमा जान्ने प्रयास गरे । तर, अचम्म कस्तो छ भने नेपाली काङ्ग्रेसको जस्तो गौरवशाली र क्रान्तिकारी इतिहास नेपालमा अन्य कुनै पनि राजनीतिक दलको छैन ।

यस पार्टीका संस्थापक तथा मार्गनिर्देशक वीपी कोइरालाले कस्तो ढाँचा र स्वभावको कार्यकर्ताको परिकल्पना गरेका थिए र आज कस्ता ब्यहोराका कार्यकर्ता छन् भन्ने विश्लेषण पनि यहाँ सान्दर्भिक हुन्छ ।

विक्रम सम्वत् २०१३ पुस १० गते वीपीले बाग्लुङका एक कार्यकर्तालाई पत्र लेख्तै भनेका थिए, 'यो सङ्गठन कमजोर हुनुको तात्पर्य हुन्छ, नेपालको प्रजातान्त्रिक आन्दोलनको कमजोरी ! यो सत्यलाई हामी सबैले राम्ररी बुझ्नुपर्छ । सानोतिनो स्वार्थपूर्तिका लागि हामी लाग्न थाल्यौँ भने यो सानोतिनो स्वार्थका आधारमा विभिन्न पार्टीहरूलाई हामीले स्थान दिन थाल्यौँ भने देशले उन्नति गर्न सक्तैन ।... काङ्ग्रेस संस्था हाम्रो साधन हो । हामी सेवक हौँ भन्ने भावना सबैका मनमा हुनुपर्छ । ...कति काङ्ग्रेसीका मुखबाट यो चिन्ताजनक कुरा सुनिन्छ कि यदि चुनावमा काङ्ग्रेसले भाग लिने अनुमति दिएन अर्थात् टिकट दिएन भने स्वतन्त्र भएर लड्छौँ । यदि काङ्ग्रेसलाई एउटा व्यक्तिगत स्वार्थ साधनका निमित्त लाग्दछ भने हामीले त्यसलाई काङ्ग्रेसबाट टाढै राख्नुपर्छ ।'

> काङ्ग्रेसमा कस्तो प्रचलन छ भने पार्टीको नेताले आफू माथि पुग्न आफ्ना आसेपासे, नातेदार, कामदार र साथीभाईलाई क्रियाशील बाँड्छ । चाहे ती काङ्ग्रेसका बारेमा अन्जान, अनभिज्ञ र निरपेक्ष नै किन नहुन् ?

बीपी अगाडि लेख्छन्, 'हामी सबैले निःस्वार्थी सेवा व्रत लिनुपर्छ । गेरुवा रङको लुगा नलगाए पनि हामीले मनमा जोगीको जस्तो निष्काम प्रवृत्ति धारण गर्नुपर्छ । कुनै ठूलो पदमा पुगिन्छ भने पनि हामीमा अभिमान नभएर सेवाभाव मनमा हुनुपर्छ । यति कुरा गर्न सक्यौँ भने देशलाई हामीले माथि लैजान सक्छौँ ।'

पचासका दशकमा आफ्नै पार्टी र परिवारका सदस्यबाट अन्तर्घातको शिकार भएकी काङ्ग्रेसकी प्रखर नेतृ शैलजा आचार्य भन्थिन्, 'काङ्ग्रेस कार्यकर्ता त २०४६ अगाडि टाढैबाट चिनिन्थ्यो । उसको लवाइ-खवाइ, बोलीबचन, ढाँचाकाँचा नै काङ्ग्रेसी पाराको छुट्टै सभ्य र शालीन हुन्थ्यो । तर हिजोआजको काङ्ग्रेस, को मण्डले छुट्याउन नसक्ने भएकी छु ।' काङ्ग्रेसको चौधौँ महाधिवेशनका सन्दर्भमा चुनिएका प्रतिनिधि र पदाधिकारीहरू के शैलजाले भनेजस्तै टाढैबाट चिनिने खालका छन् त ? अहिलेको अहम् प्रश्न यही हो ।

# व्यापार संघद्वारा प्रजिअको स्वागत

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*




मोरङ व्यापार संघले जिल्ला प्रशासन कार्यालय, मोरङमा सरुवा भई आएका प्रमुख जिल्ला अधिकारी काशीराज दाहाललाई संघमा स्वागत तथा भेटघाट गरेको छ ।

संघका अध्यक्ष प्रकाश मुन्दडाले प्रमुख जिल्ला अधिकारी दाहालसहित सहायक प्रमुख जिल्ला अधिकारी सरदकुमार पोखरेललाई स्वागत गरेका हुन् ।

अध्यक्ष मुन्दडाले नजिकिरहेका चाडपर्वहरू लक्षित गर्दै व्यवसायिक केन्द्र विन्दु विराटनगरसहित आसपासका क्षेत्रमा उद्योगी-व्यवसायी, आम सर्वसाधारणका लागि बजार व्यवस्थापन र आपूर्ति श्रृङ्खलालाई सहजीकरण गर्दै बजार खोल्ने समयावधि बढाउन माग गरेका छन् । उनले शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन विशेष कदम चाल्न आग्रह गरेका थिए ।

प्रजिअ दाहालले उद्योगी/व्यवसायीहरुको हक, हित, संरक्षण, सम्वर्द्धनका लागि आवश्यक सुधारोन्मुख कार्यहरू क्रमिक रुपले अवलम्बन र कार्यान्वयन गरिँदै जाने प्रतिवद्धता व्यक्त गरेको संघले जनाएको छ । संघका अध्यक्ष मुन्दडाले स्वदेशी उत्पादनको प्रवर्द्धनार्थ संघद्वारा सञ्चालित 'मेरो देश, मेरै उत्पादन' अभियानको टेवल स्टेन्ड प्रजिअ दाहाललाई प्रदान गरेका थिए ।

कार्यक्रममा व्यापार संघका महासचिव अनिलकुमार साह, निर्वतमान अध्यक्ष पवनकुमार सारडा, महेशकुमार जाजु, उपाध्यक्ष नवीन रिजाललगायतको उपस्थिति थियो ।

## 'सेवाप्रवाह जनमैत्री बनाउँछु'

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले सरकारी कार्यालयको सेवाप्रबाह जनमैत्री बनाउने बताएका छन् ।

एक हप्ता अगाडि सरूवा भएर मोरङको प्रमुख जिल्ला अधिकारीको कार्यभार सम्हालेका दाहालले सोमबार सञ्चारकर्मीहरूसँगको परिचयत्मक भेटमा यस्तो बताएका हुन् ।

मातहतमा रहेको कार्यालयहरूबाट सेवाग्राहीलाई छिटो र छरितो सेवा प्रवाहमा विशेष जोड दिँदै जनमैत्री सेवा प्रदान गर्ने दाहालले बताए । उनले जिल्लामा शान्ति सुरक्षा कायम गराउँदै विकास निर्माणमा समन्वयकारी भूमिका खेल्ने बताए ।

दाहालले नयाँ संघीय संरचनामा कर्मचारी व्यवस्थापन पनि अर्को समस्या भएको भन्दै ऐन कानुन प्रभावकारी कार्यान्वयनको लागि पहल गर्ने र बजारमा नियमन बढाउने बताएका छन् । खुल्ला सीमाको फाइदा उठाउँदै हुने चोरी, तस्करी पनि पूर्ण रुपमा रोकथाम तथा नियन्त्रणमा लागिपर्ने उनको भनाई छ ।

'मोरङमा ६३ किलोमिटर क्षेत्रमा खुल्ला सीमा क्षेत्र रहेको छ । सीमा क्षेत्रदेखि चोरी तस्करी र अपराधमा नियन्त्रणमा पनि ध्यान केन्द्रीत गर्नेछु,' उनले भने । प्रमुख जिल्ला अधिकारी दाहालले सरोकारवाला पक्षसँगको पहलमा कोभिड १९ न्यूनीकरणका लागि भइरहेको कामलाई पनि निरन्तरता दिएर अगाडि बढ्ने बताएका छन् ।

# दुर्घटना बीमाको रकम हस्तान्तरण

♦ हाम्रोमत संवाददाता

*इटहरी, ११ असोज*



नेपाल प्रेस युनियन सुनसरीले दुर्घटना बापतको रकम हस्तान्तरण गरेको छ । धरानस्थित विजयपुर एफएममा कार्यरत पत्रकार रमेश राई साङ्गेनलाई दुर्घटना वापतको ३५ हजार ५ सय रुपैयाँ हस्तान्तरण गरेको हो ।

सुनसरीका अग्रज पत्रकार गिरिराज आचार्य र नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष जनकऋषि राईले संयुक्त रुपमा विमा बापतको रुपैयाँ हस्तान्तरण गरेका हुन् ।

नेपाल प्रेस युनियनले प्रदेश १ का १४ वटै जिल्लाका युनियनका अध्यक्षसहित सुनसरीका ३ सय सञ्चारकर्मी गरी कुल ३१४ जनाको दुर्घटना बीमा गरेको थियो । सोहीअनुसार केही समय अघि दुर्घटनामा परेका पत्रकार राईको उपचारमा लागेको खर्च वापतको रकम हस्तान्तरण गरिएको हो ।

उपचारमा लागेको खर्चका विलअनुसार युनियनको खातामा प्राप्त रकम हस्तान्तरण गरिएको नेपाल प्रेस युनियनका अध्यक्ष पवन अधिकारीले जानकारी दिनुभयो ।

केही समय अघि इटहरीका पत्रकार विराट गौतम(अनुपम)लाई पनि दुर्घटना बीमाकै ७० हजार रुपैयाँ हस्तान्तरण गरिएको थियो । रकम हस्तान्तरणपछि अग्रज पत्रकार गिरिराज आचार्यले नेपाल प्रेस युनियनले पत्रकारको हतहितका लागि आवाज उठाउने मात्र नभई वस्तुगत ढंगले कल्याण र सुरक्षाको क्षेत्रमा पनि काम गरेको बताए ।


यस्तै नेपाल पत्रकार महासंघ सुनसरीका अध्यक्ष जनकऋषी राईले दुर्घटना बीमाको रमकले अप्ठ्यारोमा परेका पत्रकारलाई राहत पुगेको बताए ।




# प्रदेश १ मा थप ३२७ जनामा कोरोना

♦ हाम्रोमत संवाददाता

*विराटनगर, ११ असोज*



प्रदेश १ मा पछिल्लो २४ घण्टामा थप ३२७ जनामा कोरोना संक्रमण देखिएको छ । १ हजार १४१ जनाको पीसीआर परीक्षण गर्दा २२६ र ३५४ जनाको एन्टिजेन परीक्षण गर्दा १०१ जनाको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । मन्त्रालयका अनुसार पीसीआर परीक्षणका आधारमा झापामा ८५, मोरङमा ८०, सुनसरीमा ५०, इलाम, धनकुटा र संखुवासभामा २-२, पाँचथर, ताप्लेजुङ, भोजपुर, तेह्रथुम र प्रदेश १ बाहिरका १-१ जनामा संक्रमण भएको हो ।

झापाको विर्तामोडमा २२, मेचीनगरमा १२, दमक र बुद्धशान्तिमा ९-९, अर्जुनधारामा ७, शिवसताक्षी र कनकाईमा ६-६, भद्रपुरमा ४, कमल गाउँपालिकामा ३, गौरादह र हल्दिबारीमा २-२, कचनकवल , बाह्रदशी र झापा गाउँपालिकामा १-१, मोरङको विराटनगरमा ३९, सुन्दरहरैचामा १३, बेलबारीमा ९, बुढीगंगामा ६, सुनबर्षी र उर्लाबारीमा ३-३, कटहरीमा २, कानेपोखरी, पथरीशनिश्चरे र रंगेलीमा १-१ र स्थानीय तह नखुलेका २ जनामा संक्रमण देखिएको छ । यस्तै, सुनसरीको इटहरीमा ३७, धरानमा ७, दुहवीमा ३, रामधुनी, बराहक्षेत्र र इनरुवामा १-१, इलामको इलाम नगरपालिका, धनकुटाको पाख्रिबास र संखुवासभाको धर्मदेवीमा २-२, पाँचथरको स्थानीय तह नखुलेका, ताप्लेजुङको श्रीजंगा, भोजपुरको भोजपुर नगरपालिका, तेह्रथुमको फेदाप र प्रदेश १ बाहिरका १-१ जनामा संक्रमण भएको मन्त्रालयले जनाएको छ ।

प्रदेश १ मा आइतबार २४० जना कोरोना संक्रमणमुक्त भएका छन् । संक्रमणमुक्त हुनेमा १२६ महिला र ११४ पुरुष रहेका छन् ।

पछिल्लो २४ घण्टामा कोरोना संक्रमणबाट ४ जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा २ महिला र २ पुरुष रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

पूर्वेली जनसञ्चार सहकारी संस्था लि.द्वारा प्रकाशित । कार्यवाहक अध्यक्ष: प्रभात घिमिरे प्रधान सम्पादक: विवेक गौतम, कार्यकारी सम्पादक : गोकुल पराजुली, सम्पादक: अर्जुनकुमार आचार्य
हाम्रोमत दैनिकको कार्यालय: विराटनगर-९, ट्राफिक चोक, मोरङ । फोन नं. ०२१-५१२७९०, email: hamromat@gmail.com, janabidrohadaily@gmail.com, मुद्रक: पिजिएस ग्राफिक्स, विराटनगर